# बौदीकाली गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## डेढगाउँ, नवलपरासी (ब.सु.पू)

गण्डकी प्रदेश, नेपाल

V32P+FV Dedgaun

प.स.: २०८२/८३
च.नं.: १६६२

मिति : २०८२/१२/१९

बौदीकाली गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय डेढगाउँ, नवलपरासी (ब.सु.पू.) गण्डकी प्रदेश, नेपाल २०७३

विषय : कार्यपालिका बैठकमा उपस्थित हुने बारे ।

श्री उपाध्यक्ष ज्यू,
श्री वडा अध्यक्ष ज्यूहरु, सबै
श्री कार्यपालिका सदस्य ज्यूहरु, सबै ।

बौदीकाली गाउँ कार्यपालिकाको बैठक तपसिलको मिति, समय र स्थानमा हुने भएकोले यहाँको उपस्थितिको लागि आदेशानुसार अनुरोध छ । बैठकका प्रस्तावहरु यसैसाथ संलग्न रहेको छ ।

**तपसिल :**

मिति : २०८२/१२/२१ गते
स्थान : बौदीकाली गाउँपालिकाको सभाहल
समय : बिहानको ७:३० बजे

...........................
(राकेश कुमार चौधरी)
प्रमुख प्रशासकीय अधिकृत
राकेश कुमार चौधरी
प्रमुख प्रशासकीय अधिकृत

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी



CamScanner

**मिति २०८२/१२/२१ गतेको गाउँ कार्यपालिका बैठकका प्रस्तावहरु :**

१. पूर्व निर्णयहरु कार्यान्वयनको समिक्षा सम्वन्धमा ।

२. प्रदेश समपूरक र विशेष अनुदान अन्तर्गतका आयोजना तथा कार्यक्रम माग सम्वन्धमा ।

३. विविध विषयका सम्वन्धमा ।

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

आज मिति २०८२/१२/२१ गतेका दिन बौदीकाली गाउँपालिकाका अध्यक्ष श्री प्रकाश ओझा ज्यूको अध्यक्षतामा बौदीकाली गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक तपसिल बमोजिमका कार्यपालिका सदस्यहरुको उपस्थितिमा बसी निम्नानुसारको प्रस्तावहरु माथि छलफल गरी देहाय बमोजिमका निर्णयहरु गरियो ।

उपस्थिति :

| क्र.सं. | दस्तखत | नामथर | पद |
|---|---|---|---|
| १ | | श्री प्रकाश ओझा | अध्यक्ष |
| २ | | श्री डिल कुमारी के.सी. सारु मगर | उपाध्यक्ष |
| ३ | | श्री अनिल थापा मगर | वडा अध्यक्ष. वडा नं. १/का.पा.सदस्य |
| ४ | | श्री श्यामसुन्दर श्रेष्ठ | वडा अध्यक्ष, वडा नं. २/का.पा.सदस्य |
| ५ | | श्री तेज बहादुर थापा | वडा अध्यक्ष, वडा नं. ३/का.पा.सदस्य |
| ६ | | श्री मन बहादुर सारु | वडा अध्यक्ष, वडा नं. ४/का.पा.सदस्य |
| ७ | | श्री खिम बहादुर थापा खरु मगर | वडा अध्यक्ष, वडा नं. ५/का.पा.सदस्य |
| ८ | | श्री खुम कुमार सारु मगर | वडा अध्यक्ष, वडा नं. ६/का.पा.सदस्य |
| ९ | | श्री देउमाया रुचाल | कार्यपालिका सदस्य |
| १० | | श्री टिकामाया सार्की | कार्यपालिका सदस्य |
| ११ | | श्री तेजमाया इस्माली गाहा मगर | कार्यपालिका सदस्य |
| १२ | | श्री सोममाया सार्की | कार्यपालिका सदस्य |
| १३ | | श्री टोपलाल रुचाल | कार्यपालिका सदस्य |
| १४ | | श्री अन्त बहादुर घर्ती | कार्यपालिका सदस्य |
| १५ | | श्री राकेश कुमार चौधरी | प्रमुख प्रशासकीय अधिकृत |
| अन्य उपस्थिति | | | |
| | | श्री बुद्धि प्रसाद सुवेदी | लेखा अधिकृत |
| | | श्री मिलन श्रेष्ठ | सूचना प्रविधि अधिकृत |
| | | श्री मनोज कोइराला | बौदीकाली गाउँपालिका अध्यक्षको सचिवालय |

बौदीकाली गाउँकार्यपालिकाको मिति २०८२/१२/२१ गतेको आ.व. २०८२/०८३ को एघारौं बैठकका निर्णयहरु :

**निर्णय नं.१ :**

प्रस्ताव नं. १ माथि छलफल गर्दा पूर्व बैठकको निर्णय कार्यान्वयनको सन्दर्भमा बैठकमा समिक्षा गरियो । निर्णय कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाईयो ।

**निर्णय नं. २ :**

प्रस्ताव नं. २ माथि छलफल गर्दा गण्डकी प्रदेश सरकार, गण्डकी प्रदेश नीति तथा योजना आयोग, पोखराको प.सं. २०८२/०८३ च.नं. १९० मिति २०८२/१२/०४ गतेको प्राप्त पत्र बैठकमा पेश भई जानकारी भयो । सो पत्रानुसार प्रदेश वित्त व्यवस्थापन ऐन, २०७५ बमोजिम गण्डकी प्रदेश सरकारद्वारा स्थानीय तहलाई प्रदान गरिने वित्तीय हस्तान्तरण अन्तर्गत आगामी आर्थिक वर्ष २०८३/०८४ को लागि तपसिलका विशेष र समपूरक अनुदान अन्तर्गतका आयोजना तथा कार्यक्रम "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१ को अनुसूची-३ बमोजिमको ढांचामा २०८२ साल चैत्र मसान्तभित्र गण्डकी प्रदेश सरकार, गण्डकी प्रदेश नीति तथा योजना आयोग, पोखरामा कार्यक्रमको प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

**प्रदेश सरकारसंग माग गर्ने योजनाको विवरण :**

| समपूरक अनुदानमा कार्यान्वयन गरिने आयोजना वा कार्यक्रमको नाम र प्राथमिकताक्रम | | | |
|---|---|---|---|
| आयोजना वा कार्यकमको नाम | अनुमानित लागत रु. | प्राथमिकताक्रम | नयाँ/क्रमागत |
| १. डेढगाउँ मा.वि.-वडा कार्यालय-कालीगण्डकी करिडोर देखि खर्सान सडक स्तरोन्नति, बौदीकाली-२ | लागत अनुमान अनुसार | १ | नयाँ |
| २. देउराली-नगरडाँडा सडक स्तरोन्नति, बौदीकाली-१ देखि बौदीकाली-६ | लागत अनुमान अनुसार | २ | नयाँ |
| ३. कालीगण्डकी करिडोर-अमराई-शारदा मा.वि. सडक स्तरोन्नति, बौदीकाली-३ | लागत अनुमान अनुसार | ३ | नयाँ |

CamScanner

बौदीकाली गाउँकार्यपालिकाको मिति २०८२/१२/२१ गतेको आ.व. २०८२/०८३ को एघारौं बैठकका निर्णयहरु :

| विशेष अनुदानमा कार्यान्वयन गरिने आयोजना वा कार्यक्रमको नाम र प्राथमिकताक्रम | | | |
|---|---|---|---|
| आयोजना वा कार्यकमको नाम | अनुमानित लागत रु. | प्राथमिकताक्रम | नयाँ/क्रमागत |
| १. नरम स्वास्थ्य चौकी भवन पूर्वाधार निर्माण | लागत अनुमान अनुसार | १ | नयाँ |

**निर्णय नं. ३ :**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा तपसिलका विविध विषयहरुमा छलफल गरियो ।

- बौदीकाली गाउँपालिकाको समग्र सुशासन, दिगो विकास तथा प्रभावकारी सेवा प्रवाह सुनिश्चित गर्न बौदीकाली गाउँकार्यपालिकाको नियमित बैठक प्रत्येक महिनाको ४ गते वस्ने निर्णय गरियो। उक्त तोकिएको दिनमा विशेष कारणवश कार्यपालिका बैठक संचालन हुन नसकेको खण्डमा पूर्व सूचना प्रवाह गर्ने निर्णय गरियो ।

- सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौंले तयार गरको पोर्टल स्थानीय शासन कार्यसम्पादन मुल्यांकन प्रणाली (LGPAS) मा गत आर्थिक वर्ष २०८१/०८२ मा यस गाउँपालिकाले गरेका कार्यहरुको स्व-मुल्यांकन गर्दा प्रारम्भिक रुपमा ८१.६ अंक प्राप्त भएको छ । पेश भएका कागजातहरु पृष्ठपोषणका लागि प्रमुख प्रशासकीय अधिकृत मार्फत जिल्ला समन्वय समिति, कावासोती, नवलपरासी (ब.सु.पू.) मा पठाइएको छ ।

- नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, बजेट तथा कार्यक्रम शाखा, सिंहदरबार, काठमाडौंको प.सं. ०८२/०८३ च.नं. यो.ब.का./५१९ मिति २०८२/१२/१७ गतेको पत्र प्राप्त भई व्यहोरा जानकारी भयो । नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८२ चैत्र १३ गतेको बैठकबाट स्वीकृत शासकीय सुधार सम्बन्धी एक सय कार्यसूचीको बुंदा नं. ९० (ख) मा समावेश भएको कृषि उपजको भण्डारण तथा बजारीकरण सुधारका लागि "एक पालिका, एक चिस्यान केन्द्र" कार्यक्रम अन्तर्गत यस गाउँपालिकामा चिस्यान केन्द्र निर्माणको आवश्यकता देखिएको हुँदा चिस्यान केन्द्र निर्माणका लागि आवश्यक कुल लागतमा यस गाउँपालिकाबाट ५० प्रतिशत लागत साझेदारी हुने सुनिश्चितता सहित माग बमोजिमको विवरण प्रविष्ट गरी loacal.moald@gmail.com मा पठाउने भनि निर्णय गरियो ।

CamScanner

बौदीकाली गाउँकार्यपालिकाको मिति २०८२/१२/२१ गतेको आ.व. २०८२/०८३ को एघारौं बैठकका निर्णयहरु :

- आगामी आर्थिक वर्ष २०८३/०८४ को लागि कृषि तथा पशुपन्छी विकास कार्यक्रम संचालनको लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालय, सिंहदरबार, काठमाडौंलाई तपसिलका योजनाहरु समावेश गरी बजेट मागको लागि पत्राचार गर्ने निर्णय गरियो ।
  - ➢ रैथाने बालि प्रवर्द्धन कार्यक्रम
  - ➢ गड्यौला/प्राङ्गारिक मल प्रवर्द्धन कार्यक्रम
  - ➢ फलफुल खेति बगैंचा स्थापना/विस्तार कार्यक्रम
  - ➢ साना सिंचाई प्रवर्द्धन कार्यक्रम
  - ➢ नगदेबाली प्रवर्द्धन कार्यक्रम
  - ➢ खाद्यान्न बाली कार्यक्रम
  - ➢ गाईभैंसी प्रवर्द्धन कार्यक्रम
  - ➢ बाखा प्रवर्द्धन कार्यक्रम
  - ➢ सामुदायिक कुकुर बन्ध्याकरण कार्यक्रम

- बौदीकाली गाउँपालिकामा सेवा लिन आउने नागरिक/सेवाग्राहीहरुलाई मार्गदर्शन, सूचना र सहयोग प्रदान गर्न, सेवा पहुँचमा सजिलो बनाउन, गुनासो व्यवस्थापन गर्न, प्रशासनिक कार्यमा सुधार ल्याउन र सूचना प्रवाहमा एकरुपता कायम गर्न कर्मचारी व्यवस्थापन गरि नागरिक सहायता कक्ष स्थापना गर्ने निर्णय गरियो ।

- बौदीकाली गाउँपालिकाको लैंगिक सम्पर्क व्यक्ति सहायक महिला विकास निरीक्षक श्री सोनी पोखेललाई तोक्ने निर्णय गरियो ।

- बौदीकाली गाउँपालिका अन्तर्गत बौदीकाली आधारभूत अस्पतालमा स्थानीय स्वास्थ्य सेवा, जनरल हेल्थ सर्भिसेस, आठौं तह, मेडिकल अधिकृत पदमा कार्यरत डा. अविरल वाग्लेले मिति २०८२/१२/२० गते पेश गरेको राजिनामा स्वीकृति सम्बन्धी पत्र प्राप्त भई व्यहोरा जानकारी भयो । सो सम्वन्धमा डा. अविरल वाग्लेले राजीखुसीका साथ राजिनामा पेश गरेको हुँदा मिति २०८३/०१/०३ गते देखि लागू हुने गरि निजको राजिनामा स्वीकृत गर्ने निर्णय गरियो ।

- बौदीकाली गाउँपालिकाको फोहोरमैला व्यवस्थापन कार्यविधि, २०८२ स्वीकृत गरि राजपत्रमा प्रकाशन गर्ने निर्णय गरियो । साथै फोहोरमैला व्यवस्थापनलाई प्रभावकारी, वातावरणमैत्री तथा दिगो बनाउनका लागि उपयुक्त स्थानमा जग्गा छनौट गरि फोहोर संकलन, प्रशोधन तथा अन्तिम व्यवस्थापन (Disposal) गर्ने स्थल स्थापना गर्न अत्यावश्यक देखिएको छ । सो प्रयोजनका लागि वातावरणीय प्रभाव न्यून पर्ने, बस्तीबाट टाढा, सडक पहुँच भएको तथा

प्राविधिक रुपमा उपयुक्त स्थानमा जग्गा व्यवस्था गर्न गाउँपालिकाको स्वामित्वमा रहेको वा अन्य उपयुक्त सार्वजनिक/निजि जग्गा यथाशिघ्र पहिचान गरि आवश्यक प्रक्रिया पुरा गरि फोहोरमैला व्यवस्थापन केन्द्र स्थापनाको प्रक्रिया आगाडी बढाउने निर्णय गरियो ।

- बौदीकाली गाउँपालिकामा संचालन हुने विभिन्न पूर्वाधार विकास निर्माण कार्यहरु (सडक, भवन, खानेपानी, सिंचाई आदि) गर्दा मापदण्ड तथा प्राविधिक स्पेसिफिकेशन बमोजिम मात्र गुणस्तरीय नदिजन्य पदार्थ (ढुङ्गा,गिट्टी, बालुवा) लगायत गुणस्तरीय अन्य निर्माण सामाग्रीहरु प्रयोग गर्ने निर्णय गरियो । साथै निर्माण कार्यमा संलग्न उपभोक्ता समिति, निर्माण व्यावसायी तथा प्राविधिक कर्मचारीहरुलाई गुणस्तर मापदण्डको पालना गर्न अनिवार्य गराउने तथा आवश्यक परेमा प्रयोग हुने सामाग्रीको परिक्षण (Lab Test) गरि गुणस्तर सुनिश्चित गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

- बौदीकाली गाउँपालिकाको शिक्षकलाई साझेदारीमा ल्यापटप अनुदान वितरण कार्यविधि, २०८२ स्वीकृत गरि राजपत्रमा प्रकाशन गर्ने निर्णय गरियो ।

- आन्तरिक राजस्व कार्यालय, कावासोतीको प.सं. ०८२/०८३ च.नं. १६७ मिति २०८२/११/२५ गतेको पत्र प्राप्त भई व्यहोरा जानकारी भयो । नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०८२/०७/१७ गतेको निर्णय अनुसार सबै करदाता सेवा कार्यालयहरु खारेज गरी उक्त कार्यालयहरुबाट सम्पादन हुँदै आएका कार्यहरु कोष तथा लेखा नियन्त्रक कार्यालय तथा स्थानीय तहबाट प्रवाह हुने गरि देशव्यापी रुपमा करदाता सेवा विस्तार गर्न स्थानीय तहसंगको समन्वयमा समझदारी पत्र हस्ताक्षर गरी सेवा सुचारु गर्न निर्देशन प्राप्त भएको छ । नेपाल सरकारको उक्त निर्णय अनुसार आन्तरिक राजस्व विभागबाट मिति २०८२/०८/२१ मा स्वीकृत कार्य संचालन कार्यविधि (SOP) र समझदारी पत्र (MOU) तथा मिति २०८२/०९/२० मा स्वीकृत कार्य क्षेत्रगत शर्तहरु (TOR) को अधिनमा रही यस बौदीकाली गाउँपालिकामा करदाता सेवा विस्तार गर्ने निर्णय गरियो । साथै उक्त कार्यका लागि राजस्व इकाई हेर्ने कर्मचारी आन्तरिक लेखा परीक्षक श्री कृष्ण प्रसाद दाहाललाई तोक्ने निर्णय गरियो।

CamScanner

बौदीकाली गाउँकार्यपालिकाको मिति २०८२/१२/२१ गतेको आ.व. २०८२/०८३ को एघारौं बैठकका निर्णयहरु :

- बौदीकाली गाउँपालिकाको भू-वर्गीकरण योजनाको अन्तिम प्रतिवेदनमा छुट हुन गएको बौदीकाली-२, डेढगाउँ निवासी टिका माया घर्तीको नाममा श्रेस्ता दर्ता कायम रहेको तपसिल अनुसारको जग्गा वर्गीकरणमा छुट हुन गएकोले २ नं. वडा कार्यालयको च. नं. ९६७ मिति २०८२/१२/०८ गतेको पत्रानुसार वर्गीकरण गरी सम्बन्धित कार्यालयमा पत्राचार गर्ने निर्णय गरियो ।

| क्र.सं. | ठेगाना | कि.नं. | क्षेत्रफल | किसिम | कैफियत |
|---|---|---|---|---|---|
| १ | रकुवा-१ | १३४६ | ०-४-३-० | बारी चाहार | |
| २ | रकुवा-४ | १११३ | ३-१२-०-१ | बारी सिम | |

- बौदीकाली गाउँपालिकाको करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७४ अनुसार करार सेवामा एक जना असिष्टेन्ट सव-इन्जिनियर (सहायकस्तर चौथो) मागको लागि विज्ञापन प्रकाशन गर्ने निर्णय गरियो ।

- राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान, ललितपुरबाट मिति २०८२/१२/०३ गते प्रकाशित सूचना अनुसार लागत साझदारीमा आधारभूत सिपमूलक तालिम (३९० घन्टा) कार्यक्रम संचालन गर्नको लागि गाउँपालिकाबाट (तालिम सामाग्री, खाजा र यातायात, अन्य) तालिममा सहभागी प्रशिक्षार्थीहरुलाई खाजा व्यवस्थापनको लागि "अध्यक्षसंग युवा इलम कार्यक्रम" शिर्षकबाट रु. ३,००,०००/- व्यवस्थापन गर्ने निर्णय गरियो ।

- नेपाल नेत्रज्योति संघ, भरतपुर आँखा अस्पताल, चितवनले यस गाउँपालिकासँग सहकार्य गरी मिति २०८३ वैशाख ४, ५ र ६ गते ६ वटा स्वास्थ्य चौकीहरुमा मोतियाबिन्दु छनौट आँखा शिविर संचालन गरी मिति २०८३ वैशाख ७ र ८ गते बौदीकाली आँखा उपचार केन्द्रमा निःशुल्क मोतियाबिन्दुको अप्रेशन तथा आँखा जांच गर्ने कार्यक्रम रहेको हुँदा उक्त शिविर संचालनका लागि अनुमति प्रदान गर्ने निर्णय गरियो । साथै सम्बन्धित स्वास्थ्य संस्थाहरुमा आवश्यक समन्वय र स्थानीय व्यवस्थापन (शिविरमा खटिने भरतपुर आँखा अस्पतालका कर्मचारीहरुलाई खाना खाजा तथा बास) को लागि प्रमुख प्रशासकीय अधिकृत मार्फत स्वास्थ्य शाखामा निर्देशन दिने निर्णय गरियो । साथै सो व्यवस्थापन वापत "अन्य संघसंस्था सहायता" शिर्षकबाट बिल भरपाई प्राप्त पश्चात नियमानुसार रकम भुक्तानी गर्ने निर्णय गरियो ।

- बौदीकाली गाउँपालिकाको आर्थिक विकास समितिको बैठकले गरेका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

CamScanner

बौदीकाली गाउँकार्यपालिकाको मिति २०८२/१२/२१ गतेको आ.व. २०८२/०८३ को एघारौं बैठकका निर्णयहरु :

- बौदीकाली गाउँपालिकाको नक्सा पास सम्बन्धी कार्यविधि, २०८० पारित भए अनुसार बौदीकाली गाउँपालिकाभित्र निर्माण सम्पन्न सम्पूर्ण घरको नक्सा अभिलेखीकरण तथा नयाँ निर्माण हुने घरको नक्सा पास कार्य सुरुवात गर्ने निर्णय गरियो । नक्सा पास अनिवार्य गर्नका लागि विद्युत तथा खानेपानी व्यवस्थापन गर्ने निकायसँग आवश्यक समन्वय गर्ने समेत निर्णय गरियो ।

- बौदीकाली गाउँपालिका क्षेत्रभित्र रहेका विभिन्न संघसंस्था/मठ मन्दिर तथा सामुदायिक विद्यालयहरुको नाममा हालसम्म संकलित तथा खर्च भएको अनौपचारिक रकमको लेखाजोखा, संवेदनशीलता, पारदर्शिता र व्यावहारिक समाधान सम्बन्धी छलफल कार्यक्रम सम्वन्धित संघसंस्था/मठ मन्दिर तथा सामुदायिक विद्यालयहरुका सदस्यको स्वयं उपस्थितिमा बौदीकाली गाउँकार्यपालिकाको कार्यालयमा संचालन गर्ने निर्णय गरियो ।

- उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, सिंहदरबार, काठमाडौंले तयार पारेको औद्योगिक ग्राम घोषणा तथा संचालन कार्यविधि, २०८१ बमोजिम यस गाउँपालिकाको वडा नं. २ अन्तर्गत बैडा क्षेत्रमा उद्योगग्राम संचालनको लागि जग्गा व्यवस्थापन भई कम्पाउण्ड वाल निर्माण तथा जग्गाको सतह मिलाउने काम सम्पन्न भएको हुँदा आगामी आ.व. मा उद्योगग्राम संचालनको लागि बाँकी सम्पूर्ण कार्य (सडक, खानेपानी, बिजुली आदि) को बारे पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखाबाट स्थलगत अनुगमन गरी/गराई बौदीकाली गाउँकार्यपालिकामा प्रतिवेदन पेश गर्न निर्देशन दिने निर्णय गरियो ।

- बौदीकाली गाउँपालिकाको आ.व. २०८२/०८३ को वार्षिक स्वीकृत कार्यकम अनुसार ज्येष्ठ नागरिक सम्बन्धी कार्यक्रमका लागि रु. १०,००,०००/- विनियोजन भएको हुँदा वडास्तर माग संकलन गरी आवश्यक सामाग्रीहरु खरिद गरी ज्येष्ठ नागरिकहरुलाई सम्मान स्वरूप वितरण गर्ने निर्णय गरियो ।

- मकैबाली अनुसन्धान केन्द्र, चितवन, रामपुर देखि बौदीकाली-२ तिरन्दीसम्म मकै बिउ तथा रासायनिक मल ढुवानी गरे वापत गजरकोट-८ निवासी सवारी धनी तथा सवारी चालक जनक श्रेष्ठलाई "सवारी साधन तथा मेशिनरी औजार भाडा" शिर्षकबाट संलग्न बिल भरपाईमा नियमानुसार करकट्टी गरी रकम भुक्तानी दिने निर्णय गरियो ।

CamScanner

बौदीकाली गाउँकार्यपालिकाको मिति २०८२/१२/२१ गतेको आ.व. २०८२/०८३ को एघारौं बैठकका निर्णयहरु :

- बौदीकाली गाउँपालिकाभित्र आन्तरिक तथा बाह्य लगानी आकर्षित गर्ने तथा औद्योगिक/व्यावसायिक गतिविधि प्रवर्द्धन गर्ने उद्देश्यले गाउँपालिका क्षेत्रमा लगानी गर्न इच्छुक लगानीकर्ताहरूको परियोजना स्थलसम्म विद्युत तथा सडक पूर्वाधार पुर्याउने सुनिश्चितता गर्ने निर्णय गरियो ।

- बौदीकाली गाउँपालिकाको पशुपन्छी सम्बन्धी एकीकृत कार्यक्रम संचालन (पहिलो संशोधन) कार्यविधि, २०८१ उपर छलफल गरि सोहि कार्यविधिको दोस्रो संशोधन पारित गर्ने निर्णय गरियो ।

- स्थानीय स्तरमा खेलकुद विकास, युवा प्रोत्साहन तथा भलिबल खेलको प्रवर्द्धन गर्ने उद्देश्यले बौदीकाली भलिबल टिमसँग अन्तरक्रिया तथा छलफल कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो।

- पाँचौं शुक्लागण्डकी महोत्सव, २०८२ मा बौदीकाली भलिबल टिम सहभागी भई प्रथम स्थान हासिल गर्न सफल भएको र जितको ट्रफी बौदीकाली गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा बुझाएको सन्दर्भमा खेलाडीहरूको हौसला अभिवृद्धि तथा खेलकुद प्रवर्द्धन गर्ने उद्देश्यले "खेलकुद प्रवर्द्धनका लागि खेलाडी प्रोत्साहन कार्यक्रम" शिर्षकबाट संलग्न बिल भर्पाइ प्राप्त पश्चात रु.३०,०००/- मा नियमानुसार करकट्टी गरी टिम व्यवस्थापक संजित सिंजाली मगरको व्यक्तिगत खातामा रकम भुक्तानी दिने निर्णय गरियो ।

- मिति २०८२/०५/३१ गतेको आ.व २०८२/०८३ को दोस्रो गाउँकार्यपालिकाको बैठकको निर्णय (आउंदै गरेको चाडपर्व (विजयादशमी/दीपावली) लाई लक्षित गरी सडक मर्मत सम्भारको लागि गाउँपालिकाको ब्याकहो लोडर सहित अन्य ३ वटा ब्याकहो लोडर भाडामा लिई बिग्रिएको सडक सुचारु गर्ने निर्णय गरियो । साथै सम्बन्धित वडाका वडा सदस्यहरुले प्रत्यक्ष निगरानी गरी भाडामा चल्ने ब्याकहो लोडरको दैनिक विवरणको रेकर्ड राखी पूर्वाधार विकास शाखामा पेश गर्ने भनी निर्णय गरियो ।) भएतापनि बौदीकाली गाउँपालिकाभित्रका वडाहरु १,२,३ र ४ बाट प्राप्त विवरण र माग बमोजिमका सडकहरु वर्षातको समयमा अवरुद्ध पछि सरसफाई तथा मर्मत सम्भार गर्ने गरी कोटेशन विधिबाट दरभाउ लिई कम दररेट पेश गर्ने फर्मबाट काम सम्पन्न भएको हुँदा "पालिका बाटो मर्मत सुधार" शिर्षकबाट सम्बन्धित फर्मलाई नियमानुसार करकट्टी गरी रकम भुक्तानी दिने निर्णय गरियो ।

CamScanner

बौदीकाली गाउँकार्यपालिकाको मिति २०८२/१२/२१ गतेको आ.व. २०८२/०८३ को एघारौं बैठकका निर्णयहरु :

- ३ नं. वडा कार्यालयको प.सं. २०८२/०८३ च.नं. ४२७ मिति २०८२/१२/०२ गतेको पत्र बैठकमा प्राप्त भई जानकारी भयो । सो पत्रानुसार बौदीकाली गाउँपालिका वडा नं. ३ निवासी रम्भु थापाको नाती खिम बहादुर थापाको छोरा ना.प्र.प.नं. २१९०३ का श्रीलाल थापाको घर नजिक डडहरा रिब्दी जाने बाटो ढलान गर्ने क्रममा घरको उत्तर तर्फ सुख्खा पहिरो झरी जोखिम निम्त्याएको र वर्षायाममा उक्त क्षेत्रमा पहिरो गई धनजनको क्षति हुन सक्ने सम्भावना रहेको हुँदा प्राविधिक लागत अनुमान बमोजिम "विपद व्यवस्थापन खर्च" शिर्षकबाट आवश्यक प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

- बौदीकाली गाउँपालिका क्षेत्रभित्र अलपत्र परेका, सुस्त मनस्थिति भएका तथा बेवारिसे व्यक्तिहरुको उद्दार, संरक्षण तथा व्यवस्थापनका लागि विभिन्न व्यक्ति तथा कार्यालयहरूबाट प्राप्त पत्र तथा अनुरोधहरूलाई मध्यनजर गर्दै त्यस्ता प्रकृति भएका व्यक्तिहरुको पुनर्स्थापना, उद्दार तथा व्यवस्थापन कार्यका लागि आवश्यक खर्च "राहत, उद्दार, आर्थिक सहायता र पुनःस्थापना खर्च" शीर्षकबाट व्यवस्थापन गर्ने निर्णय गरियो ।

- बौदीकाली गाउँपालिका वडा नं. २, डेढगाउँको प.सं. ०८२/०८३ च.नं. १००१ मिति २०८२/१२/१५ गतेको पत्र प्राप्त भई व्यहोरा अवगत भयो । उक्त पत्र अनुसार बौदीकाली-२, डेढगाउँ निवासी हुम बहादुर नेपालीको मोटरसाइकल दुर्घटनामा परि शरीरको विभिन्न ठाउँको हड्डीहरु भाँचिएको हुँदा उपचार खर्च धेरै नै भएको र घरको आर्थिक अवस्था अत्यन्तै न्यून भएको, आम्दानीको अन्य स्रोत केहि पनि नभएको कारण औषधी उपचार गर्न आर्थिक समस्या भएको भनी निवेदन प्राप्त भएकोले रु. १५,०००/- (पन्ध्र हजार रुपैया) नबढ्ने गरी "राहत, उद्दार, आर्थिक सहायता र पुनःस्थापना खर्च" शिर्षकबाट आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

- बौदीकाली गाउँपालिका वडा नं. ५, बबकको प.सं. ०८२/०८३ च.नं. २९७ मिति २०८२/१२/०९ गतेको पत्र प्राप्त भई व्यहोरा अवगत भयो । उक्त पत्र अनुसार बौदीकाली-५, बबक निवासी तुल बहादुर सुनारीको पत्नी बुद्धिसरा सुनारीको ढाडको हड्डीह भाँचिएको हुँदा उपचार खर्च धेरै नै भएको र घरको आर्थिक अवस्था अत्यन्तै न्यून भएको, आम्दानीको अन्य स्रोत केहि पनि नभएको कारण औषधी उपचार गर्न आर्थिक समस्या भएको भनी निवेदन प्राप्त भएकोले रु. २०,०००/- (बिस हजार रुपैया) नबढ्ने गरी "राहत, उद्दार, आर्थिक सहायता र पुनःस्थापना खर्च" शिर्षकबाट आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

CamScanner

बौदीकाली गाउँकार्यपालिकाको मिति २०८२/१२/२१ गतेको आ.व. २०८२/०८३ को एघारौं बैठकका निर्णयहरु :

- बौदीकाली गाउँपालिका वडा नं. ३, रकुवाको प.सं. ०८२/०८३ च.नं. ३८५ मिति २०८२/११/०५ गतेको पत्र प्राप्त भई व्यहोरा अवगत भयो । उक्त पत्र अनुसार बौदीकाली-३, रकुवा निवासी पूर्ण बहादुर गाहा मगरको छोरा रक्सल गाहा मगरको तातो पानीमा पोलिएर शारीरिक रुपमा गम्भीर असर परेको हुँदा उपचार खर्च धेरै नै भएको र घरको आर्थिक अवस्था अत्यन्तै न्यून भएको, आम्दानीको अन्य स्रोत केहि पनि नभएको कारण औषधी उपचार गर्न आर्थिक समस्या भएको भनी निवेदन प्राप्त भएकोले रु. १५,०००/- (पन्ध्र हजार रुपैया) नबढ्ने गरी "राहत, उद्दार, आर्थिक सहायता र पुनःस्थापना खर्च" शिर्षकबाट आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

- बौदीकाली गाउँपालिका वडा नं. ३, रकुवाको प.सं. ०८२/०८३ च.नं. ३६७ मिति २०८२/१२/०४ गतेको पत्र प्राप्त भई व्यहोरा अवगत भयो । उक्त पत्र अनुसार बौदीकाली-३, रकुवा निवासी तारा बहादुर रुचालको श्रीमती इन्द्रमाया रुचाल जंगलबाट दाउरा लिएर आउने क्रममा बाटोमा चिप्लिएर लड्दा शारीरिक रुपमा गम्भीर असर परेको हुँदा उपचार खर्च धेरै नै भएको र घरको आर्थिक अवस्था अत्यन्तै न्यून भएको, आम्दानीको अन्य स्रोत केहि पनि नभएको कारण औषधी उपचार गर्न आर्थिक समस्या भएको भनी निवेदन प्राप्त भएकोले रु. १५,०००/- (पन्ध्र हजार रुपैया) नबढ्ने गरी "राहत, उद्दार, आर्थिक सहायता र पुनःस्थापना खर्च" शिर्षकबाट आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

- द्वन्द्वपिडित महिला संजाल नवलपुर बौदीकाली गाउँपालिकाको उपसमितिको मिति २०८२ साल चैत्र ११ गतेको बैठकको निर्णय स्वीकृत गर्ने निर्णय गरियो । बौदीकाली गाउँपालिकाको आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार "द्वन्द्वप्रभावित परिवार सशक्तीकरण" शिर्षकमा रु. १,००,०००/- विनियोजन भएको र सो बैठकको निर्णय अनुसार द्वन्द्वप्रभावित परिवारलाई आवश्यकता अनुसार लागत साझेदारीमा अनुदान प्रदान गर्ने भनिएकोमा इच्छुक ६ जना व्यक्तिहरुलाई निम्नानुसारको कामका लागि रकम बराबर हुने गरि काम सम्पन्न पश्चात अनुदान प्रदान गर्ने निर्णय गरियो । बाखाको खोर निर्माणको लागि प्राविधिक लागत अनुमान तयार गरी काम सम्पन्न पश्चात संलग्न बिल भरपाईको आधारमा रकम भुक्तानी हुने र पाडी तथा बाखा खरिदको लागि पशुपन्छी विकास शाखाको समन्वयमा काम सम्पन्न पश्चात संलग्न आवश्यक कागजातको आधारमा रकम भुक्तानी हुने निर्णय गरियो ।

| क्र.सं. | नामथर | ठेगाना | कामको विवरण |
|---|---|---|---|
| १ | हिरामाया सारु | बौदीकाली-२ | बाखाको खोर निर्माण |

| | | | |
|---|---|---|---|
| २ | रोमामाया तिमिल्सिना | बौदीकाली-२ | बाखाको खोर निर्माण |
| ३ | कल्पना थापा | बौदीकाली-४ | बाखाको खोर निर्माण |
| ४ | सुशिला रुचाल | बौदीकाली-३ | पाडी खरिद |
| ५ | मायादेवी सारु | बौदीकाली-२ | पाडी खरिद |
| ६ | सितादेवी श्रेष्ठ | बौदीकाली-२ | बाखा पालन/खरिद |

- नेपालको संविधान २०७२ को धारा ३३ मा रोजगारीको हक र धारा ३४ मा योगदानमा आधारित सामाजिक सुरक्षाको हकलाई श्रमिकहरुको मौलिक हकको रुपमा उल्लेख गरिएको छ । श्रमिक योगदानमा आधारित सामाजिक सुरक्षाको हक सुनिश्चित गर्न योगदानकर्ताहरुलाई सामाजिक सुरक्षा प्रदान गर्ने उद्देश्यले योगदानमा आधारित सामाजिक सुरक्षाको ऐन, २०७४ कार्यान्वयनमा छ । बौदीकाली गाउँपालिकाको चालु आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार कर्मचारीको सामाजिक सुरक्षा कोष खर्च शिर्षकमा बजेट विनियोजन भएकोले बौदीकाली गाउँपालिकामा करार सेवामा कार्यरत कर्मचारीहरु (कार्यालय सहयोगी, सवारी चालक) लाई सामाजिक सुरक्षा कोषमा आवद्ध गर्ने निर्णय गरियो । सो सम्वन्धमा करार कर्मचारीहरुको न्युनतम आधारभूत पारिश्रमिकलाई अधार मानी पारिश्रमिक खर्चको ११ प्रतिशत कर्मचारी र २० प्रतिशत गाउँपालिकाबाट गरी कूल ३१ प्रतिशत रकम जम्मा गर्ने निर्णय गरियो ।

- बौदीकाली गाउँपालिकाको कार्यक्रम कार्यान्वयन सहजीकरण समितिको विभिन्न मितिमा बसेको बैठकहरुको निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

- बौदीकाली गाउँपालिकाको आ.व. २०८२/०८३ को सङ्घीय सशर्त कार्यक्रम अन्तर्गत आ.व. २०८१/०८२ मा बौदीकाली -३, रकुवा टारीमा स्थापना भएको तरकारी पकेट विकास कार्यक्रम संचालन को लागि ७ दिने सुचना प्रकाशन गरी कार्यक्रम अगाढी बढाउने निर्णय गरियो ।

- बौदीकाली गाउँपालिकाको आ.व. २०८२/०८३ को सङ्घीय सशर्त कार्यक्रम अनुसार किसान सूचीकरण कार्यक्रम अन्तर्गत मिति २०८२/१२/२५ गतेको सहजकर्ताको छनौटको लागि प्रकाशित सुचना अनुमोदन गर्ने निर्णय गरियो ।

- राष्ट्रिय परिचयपत्र तथा पंजीकरण शाखा (सामाजिक सुरक्षा शाखा), सिंहदरबार, काठमाडौंको प.सं. २०८२/०८३ च.नं. ११२ मिति २०८२/१०/२० गतेको पत्र प्राप्त भई व्यहोरा अवगत भयो । ज्येष्ठ नागरिकहरुको हकमा औंठा छाप (Finger Print) बाट प्रमाणीकरण कार्य

CamScanner

गर्न असहज भएको हुंदा IRIS Device मार्फत समेत प्रमाणीकरण (Verification) गर्नको लागि राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणाली सुरक्षा मापदण्ड, २०८२ को अनुसूची २ मा स्वीकृत न्युनतम मापदण्ड अनुसार पत्रसाथ संलग्न स्पेसिफिकेशन बमोजिमको IRIS Device "अन्य कार्यालय संचालन खर्च" शिर्षकबाट खरिद प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

- आन्तरिक राजस्व कार्यालय, कावासोती, नवलपरासी (वर्दघाट सुस्ता पूर्व) को प.सं. ०८२/०८३ च.नं. १६७ मिति २०८२/११/२५ गतेको पत्र प्राप्त भई व्यहोरा अवगत भयो । नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०८२/०७/१७ गतेको निर्णय अनुसार सबै करदाता सेवा कार्यालयहरु खारेज गरी उक्त कार्यालयहरुबाट सम्पादन हुँदै आएका कार्यहरु कोष तथा लेखा नियन्त्रक कार्यालय तथा स्थानीय तहबाट प्रवाह हुने भनिएकोले सो कार्यका लागि आवश्यक Biometric Device Set (E-Signature Pad and Camera) "अन्य कार्यालय संचालन खर्च" शिर्षकबाट खरिद प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।